# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ६४/०७७-७८** **प्रकाशन मिति २०७७/०७/२६**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्राविधिक) तर्फका देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७७/८/३० सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि बढुवा हुने पदको श्रेणी भन्दा एक श्रेणी मुनिको पदको लागि तोकिए बमोजिमको शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि पुगेको हुनु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त साथ बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।
(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(छ) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

### विवरण

| क्र.सं.. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १२१/०७७-७८ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २ (दुई) |
| २. | १२२/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, हाइवे | ८ (आठ) |
| ३. | १२३/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, स्यानिटरी | ६ (छ) |
| ४. | १२४/०७७-७८ | इन्जिनियर, इन्जि., सिभिल, हाइड्रोपावर | १ (एक) |
| ५. | १२५/०७७-७८ | हाइड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोलोजी | १ (एक) |
| ६. | १२६/०७७-७८ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी | २ (दुई) |
| ७. | १२७/०७७-७८ | नापी अधिकृत, इन्जि., सर्भे | ४ (चार) |
| ८. | १२८/०७७-७८ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | २ (दुई) |
| ९. | १२९/०७७-७८ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | २ (दुई) |
| १०. | १३०/०७७-७८ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | १ (एक) |
| ११. | १३१/०७७-७८ | बाली विकास अधिकृत, कृषि, बाली विकास | १ (एक) |
| १२. | १३२/०७७-७८ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | २ (दुई) |
| १३. | १३३/०७७-७८ | कृषि अर्थ विज्ञ, कृषि, एग्री इको. मार्केटिङ्ग एण्ड. स्टाटिस्टिक्स | १ (एक) |
| १४. | १३४/०७७-७८ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | २ (दुई) |
| १५. | १३५/०७७-७८ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु. नि. | १ (एक) |
| १६. | १३६/०७७-७८ | कम्प्युटर इन्जिनियर, विविध | ३ (तीन) |
| १७. | १३७/०७७-७८ | महिला विकास अधिकृत, विविध | १ (एक) |
| १८. | १३८/०७७-७८ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | ६ (छ) |
| १९. | १३९/०७७-७८ | पाठयक्रम अधिकृत (नेपाली), शिक्षा, शिक्षा प्रशासन, नेपाली | १ (एक) |